हतुवागढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घोडेटार, भोजपुर

प्रदेश नं. १, नेपाल

प.सं. :
च.नं. :

मिति : २०७६।१२।११

# विज्ञप्ती

## हतुवागढी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयबाट कोरोना भाईरस (COVID–19) संक्रमण हुन नदिन रोकथाम/नियन्त्रणका लागि भएका प्रयासहरु :

**१) मिति २०७६ चैत्र ३ गते विपद व्यवस्थापन समितिको बैठकको निर्णयानुसार देहाय अनुसार प्रवन्ध मिलाईएको :**

क) गाउँपालिका अध्यक्ष ज्युको संयोजकत्वमा ७ सदस्य Rapid Response Team गठन तथा परिचालन भएको ।
ख) सम्बन्धित वडा अध्यक्ष ज्युको संयोजकत्वमा ६ सदस्य समिति गठन गरि सक्रिय गरिएको ।
ग) १९८ टोल विकास संस्था जनचेतना प्रवाहको लागि परिचालन गरिएको ।
घ) गाउँपालिका स्थित विद्यालयहरु तथा वडा कार्यलय मार्फत जनचेतनामुलक पर्चा चैत्र ५ गते भित्र घर घरमा पुर्‍याईएको ।
ङ) चोक, हाट बजार लगायत महत्वपूर्ण ठाउँहरुमा सचेतनाको लागि ३० थान होर्डिङ बोर्ड राखिएको ।
च) सिमा जोडीएका छिमेकी मुलूक तथा तेश्रो मुलुकबाट नेपाल आएका/संकास्पद ब्यक्तिहरुको सम्बन्धीत वडा कार्यालय तथा वडामा रहेको स्वास्थ्य संस्थाले निगरानी गरि दैनिक रुपमा गाउँपालिकामा विवरण पेश गर्ने व्यवस्था मिलाईएको ।
छ) गाउँपालिका अन्तर्गतका सबै स्वास्थ्य संस्था (९ वटा) मा हातधुने साबुन पानि तथा मास्क वितरणको व्यवस्था सहित स्वास्थ्य सहायता कक्ष (HEALTH HELP DESK) राखीएको ।
ज) गाउँपालिका अन्तर्गत रहेको प्राथमिक स्वास्थ्य केन्द्र, घोडेटारमा ४ बेड रहेको Isolation Room व्यवस्थापन गरिएको ।
झ) संक्रमित फेला परि थप उपचार गराउन अन्यत्र पठाउनु परेमा गाउँपालिकाले सुरक्षित तवरले तोकिएको अस्पताल सम्म पुर्‍याउने ब्यावस्था मिलाईएको ।
ञ) दैनिक उपभोग्य वस्तुको कृत्रिम अभाव सिर्जना हुन नदिन उधोग बाणिज्य संघ लगायत सम्बन्धित सरोकारबालाहरु समेतबाट नियमित बजार अनुगमन गर्ने व्यवस्था मिलाईएको ।

**२) मिति २०७६।१२।११ का दिन Rappid Response team को बैठक वसी देहाय अनुसार गर्ने व्यवस्था मिलाईएको :**

क) गाउँपालिकाको वडा नं. ९ स्थित चुहार पुल, सिम्ले पुल, मचुवा पुल र वडा नं. ६ स्थित सुनवालुवा नयाँ पुलबाट आवत जावत पूर्ण रुपमा बन्द (लक डाउन) भए नभएको सम्वन्धमा मिति २०७६।१२।१२ गते Rappid Response team ले अनुगमन समेत गरि पूर्णरुपमा लकडाउन गराउने साथै गाउँपालिका स्थित सवै (जम्मा ९) स्वास्थ्य संस्थाहरुमा संचालीत स्वास्थ्य सहायता कक्षको अनुगमन गर्ने ।
ख) यस गाउँपालिका स्थित खाद्य सामाग्री ब्यावसायीहरु संग रहेको खाद्य सामाग्रीहरु पछी आउन सक्ने खाद्य संकटलाई मध्यनजर गरि विक्रि वितरण गर्न गराउन सरोकारवालाहरुलाई जानकारी गराउने
ग) गाउँ टोलमा स्थानीय उत्पादन अन्न को संचितिमा ध्यान दिन सम्वन्धित वडा कार्यालय मार्फत सचेतना जारी गर्ने ।
घ) गाउँपालिकाको वडा नं. १ स्थित श्री भिमेश्वरी आ.वि.मा क्वारेन्टाईन संचालनको लागि आवश्यक व्यवस्था मिलाउने ।
ङ) हतुवागढी गाउँपालिका वडा नं. १ घोडेटारमा लाग्ने साप्ताहिक शनिवारे हटिया अर्को सूचना नहुन्जेल सम्म बन्द गर्ने ।
च) अति आवश्यक औषधी तथा औषधिजन्य सामग्रीहरुको प्रवन्धको लागि संघीय सरकार र प्रदेश सरकार समक्ष समेत अनुरोध गर्ने ।

१२।११

प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner